# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०२।०२ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

-----------------------------------------------

बुढीगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हात्तिमुढा, मोरङका इन्जिनियर चन्द्रनारायण चौधरीको I.Sc. को शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको र सोही प्रमाणपत्रका आधारमा नोकरी खाइरहेको साथै बढुवा भएको हुँदा कारवाही गरी पाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज इन्जिनियर चन्द्रनारायण चौधरीले बिहार विद्यालय परिक्षा समिति, पटना, भारतबाट I.Sc.पास गरेको झुट्टा विवरण राखी नक्कली लब्धांक-पत्र प्रब्रजन प्रमाणपत्र बनाई माथिल्लो पद हैसियत वा सुविधा भई लाभ समेत लिएको देखिँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर गरेको पुष्टि हुन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता